# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ २५ गते २०३३ साल

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभागको

### सूचना

निजामती सेवा नियमावली, २०२१ को नियम ७ को उप–नियम ८ (१) को खण्ड (ङ) को प्रयोजनको लागि श्री ५ को सरकारले देहायका उपकरणको लागि देहा–यमा तोकिएको हदसम्मको रकम नियमानुसार पाउन सक्ने व्यवस्था गरेकोले यो आदेश जारी गरेको छ ।

सबै निजामती कर्मचारीको लागि

१. पावर ग्लास भएको चश्मा एकको रू. ८०।– सम्म एक पटकमा

२. हेरिङ एड एकको रू. ८००।– सम्म एक पटकमा

३. दाँत एकको रू. २५।– र बढीमा रू. ४००।–सम्म (नोकरी अवधि भरमा)

द्रष्टव्यः– नोकरीको अवधि भरमा औषधोपचार बापत नियमानुसार पाउने रकमको अन्तरगतमा रही चश्मा ४ पटक र हेरिङ एड २ पटकसम्म लिन सकिनेछ ।

आज्ञाले–

हरिहरजङ्ग थापा

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।